नेपाल सरकार
शिक्षा मन्त्रालय
# विद्यालय शिक्षक किताबखाना
म्यूजियम मार्ग, छाउनी काठमाडौं ।

☎ { ४६७२८२३
४२८३०२३
४६७०७५७
फ्याक्स
४२८४९००

प.स. २०७४/०७५
च.नं. ११६१

मिति २०७४/९/२

विषय : शिक्षक विवरण सम्बन्धमा ।

श्री जिल्ला शिक्षा कार्यालय,
.
...............................

प्रस्तुत विषयमा २०५४ सालमा यस किताबखनाको स्थापना भएपश्चात शिक्षकको वैयक्तिक तथा नोकरी विवरण (सिटरोल) अभिलेखीकरण गर्ने र निवृत्तभरण तथा उपदान प्रदान गरी आएकोमा २०६६ देखि कम्प्यूटरबाट सेवा प्रवाह भएको कारण सो भन्दा अघि निवृत्त भएका शिक्षकको विवरण र दोहोरो सिटरोल समेत रेकर्ड हेरी हटाईएको तर अझ पनि अनिवार्य अवकाश, राजिनामा, उपदान, मृत्यू, वेपत्ता भई शिक्षकको सेवाबाट अवकाश भैसकेको शिक्षकको अभिलेख यस विद्यालय शिक्षक किताबखानाको अभिलेखमा कार्यरत अवस्थामा रहेकोले देहाय अनुसारको विवरण सम्लग्न फाराम अनुसार यस विद्यालय शिक्षक किताबखानामा यथासक्य पठाई शिक्षकहरुको विवरण अध्यावधिक गर्ने कार्यमा सहयोग गर्नु हुन अनुरोध छ ।

<u>तपसिल</u>

१. शिक्षक पदमा स्थायी भई शिक्षक पदबाट अनिवार्य अवकाश, राजिनामा, उपदान, तथा मृत्यू भईसकेका र वेपत्ता भएका शिक्षकको विवरण पठाउने ।

२. अन्य जिल्लाबाट जिल्लान्तर सरुवा भई आएका शिक्षकको संकेत नं. उल्लेख भएको सरुवा पत्र, रमानापत्र र विद्यालयमा हाजिर भएको जानकारी पत्र सहित पठाउने ।

३. शिक्षकको सेवा निरन्तर हुदै गर्दा २ पटक व्यक्तिगत विवरण (सिटरोल) भरी दोहोरो संकेत नं भएका शिक्षकहरुको दुवै संकेत नं. सहितको विवरण तथा एउटै व्यक्तिको नाममा दुइवटा संकेत नं. भएको भएमा दुवै संकेत नं. सहितको विवरण कायम गर्नुपर्ने संकेत नं. समेत खुलाई पठाउने ।

४. नोकरीबाट अयोग्य ठहरिने वा नठहरिने गरी सेवाबाट अवकाश गरिएका शिक्षकको विवरण पठाउने ।

५. शिक्षकको सरुवा, बढुवा, रमाना आदि पत्रको वोधार्थ विद्यालय शिक्षक किताबखानामा पठाउँदा अनिवार्य रुपमा संकेत नं. लेखी पठाउने ।

रविन्द्रकुमार बुढाप्रिथी
नि.महानिर्देशक

**बोधार्थ**

श्री शिक्षा मन्त्रालय, सिंहदरबार, काठमाडौ
श्री शिक्षा विभाग , सानो ठिमी, भक्तपुर
श्री क्षेत्रीय शिक्षा निर्देशनालय,